# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे,कालिकोट
कर्णाली,प्रदेश नेपाल

मिति :२०७७/१०/२९

प.सं. २०७७/०७८
च.नं. ६८३

**बिषय : प्रस्तावना आव्हानको सुचना ! सुचना !! सुचना !!!**

प्रस्तुत बिषयमा आ.व.२०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना तिलागुफा नगरपालिका पशु सेवा शाखा अर्न्तगत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समुह/सहकारी/जल/उपभोक्तासमिति/कृषि फर्महरुले तपशिलमा उल्लेखित आश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १० औ दिन भित्र अर्थात (मिति २०७७/११/०४ गते भित्र) यस तिलागुफा नगरपालिका पशु सेवा शाखामा तोकिएको ढाँचा (अनुसुची १०) अनुसार आवेदन दर्ता गर्नहुन सम्वन्धित सबैमा जानकारी गराईन्छ । साथै यस बिषयमा थप जानकारीको लागी तिलागुफा नगरपालिका पशु सेवा शाखामा सर्म्पक गर्न सकिने छ ।

**क) पकेट कार्यक्रम संचालन हुने कार्यक्षेत्र** : तिलागुफा न.पा.वडा नं. ९ र ११

**ख) संचालनहुने कार्यक्रमहरु :**

१. बाखा/बोका खरिद तथा वितरण

**तपशिल**

**निबेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. सम्वर्नधित निकायमा कृषि समुह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२.कार्यत्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतामा ।

३. निबेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

४. कार्य समितिको निर्णय प्रतिलिलपि ।

५ सम्बर्नधित वडाको सिफारिस पत्र ।

**नोट** : अनुसुची १० को फारमको लागी सम्वर्नधित वडा कार्यालयमा सर्म्पक राख्न हुन् अनुरोध छ ।

..........................
नि.प्रमुख भरत विष्ट

Scanned with CamScanner

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गाल्जे, कालिकोट
## कर्णाली, प्रदेश नेपाल

मिति : २०७७/१०/२९

प.सं. २०७७/०७८
च.नं. 628

**विषय : प्रस्तावना आव्हानको सुचना ! सुचना !! सुचना !!!**

प्रस्तुत विषयमा यस तिलागुफा नगरपालिका पशु सेवा शाखा गाल्जे, कालिकोट को आ.व. २०७७/०७८ शशर्त तर्फको बार्षिक स्विकृत कार्यक्रम लागत सहभागितामा (लक्षित बर्ग,दलित /महिला/एकल महिला) संचालन गरिने तपशिलमा उल्लेख भएको **(भेडा)** मा कार्यक्रम संचालन गर्नका लागी कार्यक्रमले तोके अनुसारका कृषक समुह/समिति/ सहकारी संस्था/कृषि फर्म ले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन भित्र तपशिलमा उल्लेखित बिवरण सहितको आवेदन फारम सम्वन्धित तिलागुफा नगरपालिका पशु सेवा शाखा गाल्जे,कालिकोटमा पेश गर्नहुन जानकारी गराईन्छ । प्रस्तावकहरुले सरकारी निकाय बाट बिगत ३ आर्थिक बर्ष १ लाख भन्दा माथिको नगद तथा बस्तुगत यस्तै प्रकृतिको कार्यक्रममा अनुदान सहयोग लिई सकेको भए छनौट प्रक्र्यामा समावेश गराईने छैन । बिस्तृत जानकारीको लागी सम्वन्धित तिलायुफा नगरपालिका पशु सेवा शाखामा सर्म्पक राख्न हुन अनुरोध छ

क) लागत साझेदारीमा संचालन हुने कार्यक्षेत्र तिलागुफा न.पा. २ र १०

ख) सन्चालन हुने कार्यक्रमहरु :

१. भेडि/थुमा खरिद तथा बितरण

**तपशिल**

**(क) संलग्न हुनु पर्ने कागजातहरु :**

१ .कार्य योजना सहितको प्रस्तावना अनुसुची २ र ३ अनुसार

२. सम्बन्धित निकायमा कृषक समुह/समिति/कृषि फर्म/ सहकारी संस्था दर्ता तथा नविकरण भएको प्रमाण पत्र को प्रतिलिपि

३. सम्बन्धित ब्यक्तिको नेपाली नागतिाको प्रतिलिपि

४.कार्य समितिको निर्णयको प्रतिलिपि

५. कृषक समुह/समिति/कृषि फर्म/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि

६. निर्माण गरिने भौतिक संरचनाको हकमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा भाडाको भए १० बर्षको सम्झौतानामा

७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

**नोट : अनुसुची २ र ३ को फारमको लागी सम्बन्धित वडा कार्यालयमा सर्म्पक राख्न हुन अनुरोध छ ।**

ई. भरत बिष्ट
नि.प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner